आज मिति २०७९ साल भदौ महिनाको ०७ गतेका दिन यस चिङ्गाड गाउँपालिकाको सभाहलमा दिउँसो ११.०० बजे चिङ्गाड गाउँपालिकाका अध्यक्ष श्री बोधविक्रम जि.सी. ज्यूको अध्यक्षतामा कार्यपालिकाको सातौं बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

| उपस्थिति | |
|---|---|
| श्री बोधबिक्रम जि.सी. | अध्यक्ष |
| श्री मिना कुमारी रोकाय | उपाध्यक्ष |
| श्री टेक बहादुर रजाली | सदस्य |
| श्री प्रेम बहादुर खडका | सदस्य |
| श्री विर बहादुर जि.सी. | सदस्य |
| श्री टेक बहादुर राना | सदस्य |
| श्री लाल बहादुर जि.सी. | सदस्य |
| श्री भिम बहादुर बुढा | सदस्य |
| श्री ललिता रोका | सदस्य |
| श्री लक्ष्मी हमाल (खडका) | सदस्य |
| श्री देउमा सुनार | सदस्य |
| श्री भुवानसरी कामी | सदस्य |
| श्री पर्से कामी | सदस्य |
| श्री तिलविर कामी | सदस्य |
| श्री जनक बहादुर हमाल | सचिव |

| सहयोगी कर्मचारी | |
|---|---|
| श्री कृष्ण बहादुर थापा | प्रशासन अधिकृत |
| श्री राम प्रसाद शर्मा | प्रशासन सहायक |

निर्णय नं.५६ यस चिङ्गाड गाउँपालिकाको न्यूनतम दररेट निर्धारण समितिले आ.व. २०७९।८० को लागि यस पालिका भित्र कामदारको ज्याला,निर्माण सामाग्री तथा ढुवानी लगायतको दररेट सम्वन्धी पेश गरेको न्यूनतम दररेट प्रतिवेदन लाई सर्वसम्मत अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं.५७ यस चिङ्गाड गाउँपालिका भित्रका खोलानालामा विपादी तथा घन प्रयोग र करेन्ट लगाई माछा मार्ने कार्यलाई सम्वन्धित सरोकारवाला,वडा कार्यालय, सुरक्षा निकायसँग आवश्यक समन्वयन तथा सहकार्य गरि पुर्णरुपमा रोक लगाउने र प्रचलित कानुन वमोजिम सम्वन्धित निकायवाट कारवाही गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं.५८ यस चिङ्गाड गाउँपालिका भित्र गौरवका योजनाका रुपमा रहेका तपशिलका योजना तथा आयोजनाहरु डि.पि.आर.गर्नका लागि छनौट गरि सार्वजनिक खरिद ऐन, २०६३ तथा चिङ्गाड गाउँपालिका सार्वजनिक नियमावली,२०७५ वमोजिम सम्झौता तथा भुक्तानी गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपशिल :

१.चिङ्गाड चक्रपथ ( रिङ्गरोड ) ।
२.चिङ्गाड खोला तटवन्धन गुरुयोजना निर्माण ।
३.ईन्द्रेणी मा.वि.गोगने भवन निर्माण ।
४.गाउँपालिका स्तरीय पर्यटकीय गुरुयोजना ।
५.काँडापोखरी अवलगान्द्रा सडक ।
६.ठाँटीवजार अवलघुवानी काडाघुवानी मौलाहाले सडक ।
७.२ नं.वडा कार्यालय भवन निर्माण ।

निर्णय नं.५९ यस चिङ्गाड गाउँपालिका भित्रको चिङ्गाड खोलाको नदीजन्य पदार्थ ढुङ्गा,माटो,वालुवा तथा गिट्टी उत्खनन्,संकलन तथा विक्री वितरण गर्नको लागि वोलपत्र आव्हान गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं.६० यस गाउँपालिकाको आ.व.२०७९।८०को लागि स्वीकृत वार्षिक चालु खर्च अन्तर्गत प्रत्येक वडा कार्यालयको लागि सवारीसाधन (मोटरसाइकल) सार्वजनिक खरिद ऐन, २०६३ तथा चिङ्गाड गाउँपालिका सार्वजनिक खरिद नियमावली,२०७५ वमोजिम खरिद प्रक्रिया अगाडी वढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं.६१ यस गाउँपालिकाको लागि आ.व.२०७९।८० मा संघीय सशर्त कार्यक्रम वमोजिम कृषि स्नातक प्राविधिक पदमा स्थानीय तहमा कृषि स्नातक प्राविधिक परिचालन कार्यविधि,२०७९ वमोजिम विज्ञापन गरि पदपुर्ति गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं.६२ यस गाउँपालिका भित्र घरेलु तथा महिला हिंसाका कारकका रुपमा रहेका जाँड रक्सी,मदिरा,जुवा, तास जस्ता विकृतिको रोकथाम र नियन्त्रणको लागि सम्वन्धित सरोकारवाला, वडा कार्यालय र सुरक्षा निकायसँग आवश्यक समन्वयन तथा सहकार्य गरि जनचेतनामुलक, नियन्त्रणत्मक तथा दण्डनीय कार्यक्रम संचालन गर्न वडा कार्यालय तथा गाउँकार्यापालिकाको कार्यालयलाई निर्देशन दिने र साँझ ६.०० बजे देखि ९.०० बजेको समय बाहेक अन्य समयमा जाड रक्सी,मदिरा बिक्री वितरण र सेवन गरि बारम्बार अवाञ्छनीय गतिविधि गर्नेलाई प्रचलित कानुन बमोजिम कारवाही गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं.६३ यस पालिका भित्र असोज महिना भित्र विजुली बत्ती बाल्ने कार्यलाई छिटो, छरितो गर्न २ वटा टि.व.डी.मिटर बक्स तत्काल आबश्यक पर्ने भएकाले उक्त मिटर बक्स खरिद गर्नको लागि चिङ्गाड ग्रामिण विद्युत सहकारीलाई चिङ्गाड ग्रामिण विद्युतीयकरण तथा वैकल्पिक उर्जा व्यवस्थापन तथा अनुदान शिर्षकबाट चिङ्गाड ग्रामिण विद्युत सहकारीको कार्यप्रगति र आवश्यक कागजात प्रमाणका आधारमा सहकारीलाई रु १५ लाख अनुदान उपलब्ध गराउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं.६५ यस चिङ्गाड गाउँपालिका भित्र भूमि तथा भूमिहीन समस्या सभाधान सम्बन्धित कामकाज गर्नको लागि तपशिल बमोजिमको भूमि एकाई गठन गर्ने र निज कर्मचारीहरुलाई मासिक रु.५,०००। का दरले प्रोत्साहन स्वरुप खाजा खर्च बाफत रकम उपलब्ध गराउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

तपशिल :

सहायकस्तर पाचौं श्री खडक बहादुर चन्द - प्रमुख<br>
क.अ.पाचौ. श्री सुवास वि.सी. -सदस्य<br>
अमिन -सदस्य

निर्णय नं.६६ यस गाउँपालिका भित्र सरकारी तथा गैरसहकारी निकायको बजेटबाट निर्माण भई प्रयोगमा रहेका वा नरहेका सामुदायिक भवनहरुको बारेमा विस्तृत खोजी,पहिचान,स्वामित्व र उपभोगको बारेमा अध्ययन गरि प्रतिवेदन कार्यापालिका बैठकमा पेश गर्नको लागि तपशिल बमोजिमको अध्ययन समिति गठन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

तपशिल:

गा.पा.उपाध्यक्ष श्री मिना कुमारी रोकाय - संयोजक<br>
वडा अध्यक्ष सबै -सदस्य<br>
का.पा.सदस्य श्री पर्से कामी - सदस्य<br>
का.पा.सदस्य श्री लक्ष्मी हमाल खडका - सदस्य<br>
का.पा सदस्य श्री तिलविर कामी सदस्य<br>
अधिकृत छैठौं श्री कृष्ण बहादुर थापा - सदस्य सचिव

निर्णय नं.६७ नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको (कृषि विकास कार्यक्रम ) सुर्खेत जिल्लाका ९ वटा स्थानीय तह मध्ये ८ वटा स्थानीय तहमा संचालनमा रहेको र चिङ्गाड गाउँपालिका कार्यक्रम कार्यक्षेत्रमा छुटेको हुनाले कृषि क्षेत्र विकास कार्यक्रम संचालनका लागि कृषि क्षेत्र विकास कार्यक्रम व्यवस्थापन कार्यालय, विरेन्द्रनगर,सुर्खेतमा अनुरोध गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं.६८ विभिन्न मितिमा विभिन्न तालुक निकायबाट प्राप्त तपशिलका परिपत्रहरुको बारेमा खुला छलफल गरि परिपत्र गरिएका सम्बन्धित विषयमा आवश्यक कार्यान्वयन तथा परिपालन गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतले पारित गरियो ।

तपशिलः

१.राष्टिय दलति आयोगको च नं ५२ मिति २०७९।०४।३० गतेको परिपत्र ।

२. सघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च न ४१ मिति २०७९।०५।०२ गतेको आवश्यक कारवाही सम्बन्धि परिपत्र ।

निर्णय नं.६९ नेपाल सरकार संघीय सर्शत कार्यक्रम अन्तर्गत गरिबी निवारणको लागिं लघु उद्यम विकास कार्यक्रम (मेड्पा) आ.व.२०७९।८० मा उद्यम विकास समितिको सिफारिस बमोजिम गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम निर्देशिका,२०७७ अनुसार यस पालिकाको वडा नं.३ र ४ मा कार्यान्वयन गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नं.७० यस पालिकाको वडा नं.१ मा दुरसंचार सेवाको समस्या रहेकोले वडा नं.१ स्थित गोगनधुरी स्थानमा दुरसंचार टावर निर्माण गरि सेवा प्रवाहको लागि नेपाल टेलिकम लाई अनुरोध गर्ने निर्णय सर्वसम्मतले पारित गरियो ।

निर्णय नः ७१ यस गाउँपालिका अन्तर्गत २ नं वडा स्थिति पाठो काट्ने स्थानमा परापूर्व काल देखि निरन्तर रुपमा लाग्ने भदौ १२ मेलाको व्यवस्थापनको लागि रु ५० हजार रकम विविध शिर्षकवाट आवश्यक कागजातका आधारमा खर्च लेख्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतले गरियो ।

निर्णय नं.७२ यस गाउँकार्यपालिकाको कार्यालय लगायत वडा कार्यालयमा विविध कारणले हुन सक्ने आगलागीको विपद लाई तत्काल सम्बोधन गर्न फायर एसटिङ्गगुसरको लागि आवश्यक बजेट व्यवस्थापन गरि खरिद गर्न गाउँकार्यकार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मतले पारित गरियो ।